# संघीय संसद
# प्रतिनिधि सभा
# विकास तथा प्रविधि समिति
# बैठक संख्या : १०३

मितिः २०७७/०४/०४

**छलफल एवं निर्णय :**

समितिको आज बसेको बैठकमा नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका माननीय मन्त्री, मन्त्रालयका सचिव, सडक विभागका महानिर्देशक लगायतका सम्बद्ध पदाधिकारीहरुसँग काठमाडौंको टेकुस्थित विष्णुमति पुल एवं निर्माणाधीन तीनकुनेस्थित बाग्मती पुल, हुलाकी राजमार्ग अन्तरगतको बाग्मती पुल र टिकुलियाघाट रौतहटस्थित लालबकैया नदीको पुल लगायतका अन्य महत्वपुर्ण पुलहरुको निर्माण कार्यको विद्यमान अवस्थाका सम्बन्धमा विस्तृत छलफल भई देहाय बमोजिमको निर्णय भयो :-

१ आम नागरिकको दैनिक आवत जावत सहजीकरण गर्ने महत्वपूर्ण माध्यमको रुपमा रहेका देशभरका रणनीतिक सडक अन्तर्गतका पुराना एवं रुग्न पुलहरुको अवस्था सम्बन्धी विवरण तयार गरी वित्तीय सुनिश्चितता सहित गुणस्तरीय रुपमा तोकिएको समयभित्र त्यस्ता पुलहरुको कार्य योजना सहित शीघ्र निर्माण प्रक्रिया प्रारम्भ गर्न समिति नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय लाई निर्देश गर्दछ ।

२ निर्माण सम्पन्न भएको काठमाडौंको टेकुस्थित विष्णुमति नदीको पुलमा प्राविधिक पक्ष एवं गुणस्तरमा कमजोरी भएको साथै निर्माणाधीन अवस्थामा रहेका काठमाडौंको तीनकुने स्थित बाग्मती पुल, हुलाकी राजमार्ग अन्तर्गतको बाग्मती पुल, रौतहटको टिकुलियाघाट र सपनपुर पुल साथै कैलाली जिल्लामा पर्ने हुलाकी सडक अन्तर्गतको कान्जा पुल, धनगढी उपमहानगरपालिकाको मोहना पुल लगायतका महत्वपूर्ण पुलहरुको निर्माणको कार्य तोकिएको समयमा गुणस्तरीय रुपमा सम्पन्न हुन नसकेको र प्राविधिक पक्षमा गम्भीर त्रुटी हुन गएको विषयमा सम्बद्ध जिम्मेवार पक्षहरुलाई मन्त्रालयबाट के-कस्तो कारवाही गरियो त्यसको विवरण सात दिनभित्र समितिमा उपलब्ध गराउन र उल्लेखित पुलहरुको निर्माण कार्य सुनिश्चित हुने कार्ययोजना बनाई कार्यान्वयन गर्न साथै उक्त कार्ययोजना पन्ध्र दिन भित्र समितिमा उपलब्ध गराउन समिति नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

३ समितिका माननीय सभापतिको नेतृत्वमा हुलाकी राजमार्ग अन्तरगत कैलाली-कञ्चनपुर जिल्लाको स्थलगत अनुगमनको क्रममा कर्णाली नदीमा निर्माण भएको सतीघाट पुलको पूर्व तर्फ सिर्जित खाल्डोका कारण पुल अत्यन्त जोखिमयुक्त हुने देखिएकोले त्यसको तत्काल सुरक्षाको प्रवन्ध मिलाउन समिति नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्दछ ।

४ दक्ष प्राविधिक जनशक्ति अभावका कारण विकास र पूर्वाधारसँग सम्बद्ध आयोजनाहरुको काम समयमै गुणस्तरीय रुपमा सम्पन्न हुन नसकेको, कामको अनुगमन निरीक्षणमा वाधा परेको साथै अत्यधिक कामको चापले विकास निर्माणका कार्यहरु अवरुद्ध भइरहेको सन्दर्भमा सम्बद्ध आवश्यक जनशक्ति परिपूर्ति हुनेगरी

मन्त्रालयको काम काजमा प्रभावकारीता ल्याउने वातावरण सुनिश्चित गर्न समिति नेपाल सरकार अर्थ मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई निर्देश गर्दछ ।

५ समितिको आगामी बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो ।

..............................

(कल्याणी कुमारी खड्का)

सभापति